कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
# पूर्वाधार विकास कार्यालय, सुनसरी
कोशी प्रदेश
इनरुवा, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ४४५

मिति: २०८२/११/०४
ने.स. ११४६ सिल्लागा चतुर्दशी

श्री देवानगञ्ज गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी ।

**विषय : जानकारी गराईएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयमा जनता आवास कार्यक्रमको आवासविहिन विपन्नहरुको लागि कोशी जनता आवास सम्बन्धी मापदण्डसहितको कार्यविधि, २०८२ अनुसार निवेदन दर्ता गर्न राष्ट्रिय दैनिक पूर्वी हटलाइन पत्रिकामा मिति २०८२/११/०४ मा सूचना प्रकाशन भएको हुँदा सो मिति देखि १० दिन भित्र मिति २०८२/११/१३ गतेसम्म कार्यालय समय भित्र आवासविहिन विपन्नहरुलाई यसै कार्यालयमा सम्पर्क गराई दिनहुनको लागि जानकारी गराईन्छ। साथै कार्यविधिको दफा ५ को उपदफा २ बमोजिम उक्त निवेदन सम्बन्धीत प्रदेश सभा सदस्यको सचिवालयमा समेत उल्लेखित अवधि भित्र दर्ता गर्न सकिने हुँदा प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

..................
जीतेन्द्र कुमार कर्ण
कार्यालय प्रमुख (ब.सि.डि.ई.)

ई. जीतेन्द्र कुमार कर्ण
कार्यालय प्रमुख

कोशी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

# पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय, सुनसरी

इनरुवा, नेपाल

# सूचना ! सूचना !! सूचना !!!

मिति : २०८२/११/०४

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट संचालन हुने जनता आवास कार्यक्रम सम्बन्धी कार्य गर्नु पर्ने भएकोले "कोशी जनता आवास सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२" को दफा ५ अनुसार आवासविहिन विपन्न पहिचनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा आफु आवासविहिन विपन्न परिवार भएको व्यहोरा निवेदन र स्वघोषणा सहितको विवरण तपसिल बमोजिमको प्रमाण कागजात संलग्न राखी यो सूचना प्रकाशन भएको मिति २०८२/११/०४ गते देखि १० दिन भित्र ( मिति २०८२/११/१३ गतेसम्म) यस कार्यालयमा निवेदन दर्ता गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त निवेदन सम्बन्धित प्रदेश सभा सदस्यको सचिवालयमा समेत उल्लेखित अवधि भित्र दर्ता गर्न सकिने छ र प्रदेश सभा सदस्यको सचिवालयमा प्राप्त निवेदन दर्ता आदेश गरी यस कार्यालयमा पठाउनु पर्ने छ।

**तपसिलको कागजात**

१. निवेदन ( अनुसूची-१ बमोजिम )

२. विगत देखि सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण वा स्थानीय तहको सिफारिस।

३. विपन्न रहेको भनी सम्बन्धित वडाको सिफारीस।

४. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धीत कागजात।

५. नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी।

**नोट** : अनुसूची-1 बमोजिमको निवेदन फर्म यस कार्यालयबाट उपलब्ध हुने छ ।

कार्यालय प्रमुख

(ब.सि.डि.ई.)